पीताम्बर शर्मा । सन् २००८ । *नेपाली क्यानभासका रङहरू : जातीयताको भौगोलिक पक्ष*। काठमाडौँ : सोसल साइन्स वहाः का लागि हिमाल किताब ।

नेपाली राजनीति नयाँ ढङ्गले राष्ट्र-राज्य निर्माणको ऐतिहासिक कालखण्डबाट गुज्रिरहेको छ । 'नयाँ नेपाल' भन्ने बहुप्रचारित र बहुउच्चारित पदावली राज्यको नयाँ बन्ने सङ्घीय संरचनाको पर्यायका रूपमा प्रयोग भइरहेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले नेपाल राज्य सङ्घीय लोकतान्त्रिक गणतन्त्र बन्ने किटान गरेपछि सङ्घीयताको बहस अझ सघन बनेको छ । तर विशिष्टिकृत ढङ्गले क्षेत्रगत रुपमा यस्तोखाले बहस भइरहेको छैन । यही सन्दर्भमा भूगोलविद् पीताम्बर शर्माले *नेपाली क्यानभासका रङहरू : जातीयताको भौगोलिक पक्ष* (Unravelling the Mosaic: Spatial Aspects of Ethnicity in Nepal को नेपाली रुपान्तरण) नामक पुस्तक हिमाल किताबमार्फत् सार्वजनिक गरेका छन् । नेपालका जाति/जातहरूको विवरण र प्रभावक्षेत्रलाई नक्शाको माध्यमबाट सबैखाले पाठकहरूका लागि बोधगम्य बनाउने प्रयास यो पुस्तकको प्रभावशाली पक्ष हो ।

पुस्तक सात भागमा बाँडिएको छ, जसमा २०५८ को जनगणनाको आधारमा नेपालको वर्तमान अवस्था र केही हदसम्म (१९५२/५४ को गणनाको आधारमा भाषिक समूहको बसाइँसराइ) ऐतिहासिकताको विवेचना गरिएको छ । राष्ट्रिय जनगणनाको तथ्याङ्कउपर केहीले शंका गर्ने गरेको भए पनि योभन्दा आधिकारिक तथ्याङ्क अर्को उपलब्ध नभएको परिप्रेक्षमा यसैलाई विश्वास गर्नुपर्ने मान्यता राखेका छन् शर्माले । सोही आधारमा आफ्नो पुस्तकको दोश्रो खण्डमा जाति/जातसम्बन्धी पृष्ठभूमिको समकालीन सन्दर्भमा रहेर चर्चा र विवेचना गरेका छन् । तेश्रो खण्डमा जिल्ला र तल्लो निकाय गाउँ विकास समिति (गाविस)/नगरपालिका (नपा)को तहमा जनसङ्ख्याको प्रभुत्व र बाहुल्य दुबैको स्थिति प्रस्तुत गरेका छन् । चौथो खण्डमा मातृभाषाको आधारमा जिल्ला र गाविस/नपामा भाषिक समूहको वितरणको स्थिति देखाइएको छ । पाँचौं खण्डमा आन्तरिक र बाह्य दुबैखाले बसाइँसराइको प्रवाहलाई व्याख्या गरिएको छ । छैटौं खण्डमा जातीय र भाषिक विविधताको वर्तमान स्थितिको चित्र छ । र, अन्तमा 'निष्कर्ष र नीतिगत तात्पर्य' शीर्षक अन्तर्गत जातीय वितरणमा अन्तर्निहित बहुपक्षको वस्तुनिष्ठ सारांश र त्योसँग जोडिएको नीतिगत पक्षमा आमधारणा बनाउन छलफल चलाउने प्रयास गरिएको छ ।

यो पुस्तकलाई सबैका लागि बोधगम्य बनाउन भाषा, नक्शा र टेबुलको बराबर अंश रहने गरी प्रयोग गरिएको छ । भाषा एकदमै सरल छ । जुन यो पुस्तकको बलियो पक्ष हो । नक्शाहरूको प्रयोग सामान्य रूपमा मात्र नभई उपलब्ध भएमध्येमा उच्च नक्शाङ्कन प्रविधि जीआईएस (ज्योग्राफिक इन्फरमेशन सिष्टम)को प्रयोग गरिएको छ । जीआईएसको प्रयोग जातीय विवरण र जातीय बाहुल्य रहेका क्षेत्रको तुलनात्मक

विश्लेषणका लागि गरिएको छ । यद्यपि, जीआईएसको प्रयोग गर्दा आउने प्राविधिक पक्षको जटिलताले सर्वसाधारणलाई नक्शा बुझ्न अप्ठ्यारो पर्न सक्छ । साँच्चै भन्ने हो भने यो पुस्तक आधारभूत रूपमा प्राविधिक प्रकृतिको छ ।

नेपालको जातीय समस्या पहिचान, असमानता र भेदभावको मिश्रित प्याकेज हो । असमानताका पनि जातीय र क्षेत्रीय दुई बेग्लै आयामहरू छन् । यद्यपि, क्षेत्रीयताको मुद्दामा मौनप्रायः यो पुस्तकले नेपालको प्राकृतिक भूगोलको विवेचना गर्ने क्रममा तराई/मधेस पूर्वदेखि पश्चिमसम्म फैलिएको अविच्छिन्न भू-भाग हो भन्ने मान्यताको विनिर्माणको प्रयत्न गरेको छ । चितवन र दाङजस्ता भित्री तराई/मधेसले दुई ठाउँमा टुक्राएर नेपालको तराई/मधेसलाई तीन टुक्रामा बाँडेको तर्क अघि सार्दै 'समग्र मधेस एक प्रदेश' को राजनीतिप्रति प्राकृतिक भूगोलले पेश गर्ने चुनौतीको अपेक्षित विश्लेषण यसले गरेको छ । प्रदेशका रूपमा मधेसको चेतना र प्रादेशिक पहिचानका रूपमा मधेसी एउटै सोच होइनन्, केवल राज्यले गर्ने विभेद र असमावेशी व्यवहारको उपज नै मधेसी एकताको माखेसाङ्लो हो, भन्ने तर्क लेखकको छ ।

जाति/जातको क्षेत्रीय वितरणलाई हेर्दा हिमालमा ५ समूह (०.८४ प्रतिशत), पहाडमा ३६ समूह (६५.६६ प्रतिशत) र तराई/मधेसमा ५९ समूह (३१.७० प्रतिशत) एवं अन्य ३ समूहमा (१.८ प्रतिशत) देखिन्छ । यसलाई सामाजिक संरचनात्मक आयामका दृष्टिले जनजाति ४५ समूह (३६.३८ प्रतिशत), अन्य जात ३७ समूह (४६.४८ प्रतिशत), दलित १६ समूह (११.७७ प्रतिशत) र अन्य ५ समूहमा (५.३७ प्रतिशत)को स्थिति देखिन्छ । राष्ट्रिय जनगणनामा ५९ सूचीकृत आदिवासी जनजातिमध्ये ४५ समूहको मात्रै गणना गरिएको छ । तर ठूलो प्रतिशत (१४ समूह) अन्य अन्तर्गत पहिचान नखुलेको जनसङ्ख्याभित्र पारिनु र यही तथ्याङ्क पुस्तकमा बिनाहिच्किचाहट प्रयोग हुनु दुबै दुर्भाग्यपूर्ण छ । यस्तो सङ्ख्यात्मक अस्पष्टताको अवस्थामा जाति/जातको सङ्ख्यामाथि प्रश्न उठ्नु स्वाभाविक छ । यसले राज्यको पुनर्संरचनापूर्व नै जनगणना हुनु पर्दछ भन्नेहरूलाई थप बल दिएको छ ।

२०५८ को जनगणनाले १०० जाति/जातको पहिचान गरेको छ । त्यसमध्ये ६ ओटा जाति/जातको जनसङ्ख्याको पाँच प्रतिशतभन्दा बढी छ र १८ जाति/जातको जनसङ्ख्या एक प्रतिशतभन्दा बढी छ । यिनीहरूले कुल जनसङ्ख्याको ८१ प्रतिशत प्रतिनिधित्व गर्छन् । एक लाखभन्दा बढी जनसङ्ख्या हुने जाति/जात ३१ ओटा छन् भने पाँच हजारभन्दा कम जनसङ्ख्या भएकाहरूको सङ्ख्या १९ रहेको छ । यसले नेपालमा जातीय सङ्ख्याको राजनीति र त्योसँगको सम्बन्धले उत्पन्न गर्ने जटिलतालाई कसरी बुझ्ने भन्ने प्रश्न उठाएको छ । नेपालमा १६४ (कुसुण्डा)देखि ३,५९३,४९६ (क्षेत्री)सम्म जनसङ्ख्याको अत्यन्त फराकिलो दूरी पनि छ ।

जाति/जातको जिल्ला तहमा विद्यमान वितरणको स्थिति नियाल्दा ११ जाति/जात समूहको बाहुल्य (अल्पसङ्ख्यक समूहमध्येको सबैभन्दा बढी जनसङ्ख्या भएको समूह)

६१ जिल्लामा देखिन्छ । जनसङ्ख्याको प्रभुत्व (५० प्रतिशतभन्दा बढी जनसङ्ख्या भएको)का हिसाबले ६ जाति/जातको १४ ओटा जिल्लामा मात्रै रहेको पाइन्छ । यस्तो वितरण गाविस/नपाको तहमा पनि हेर्ने प्रयास भएको छ । नेपालको सन्दर्भमा यो सबैभन्दा सानो इकाई हो जहाँ जाति/जातको पहिचानसहित वितरणको स्थिति हेर्न सकिन्छ । योसँगै जोडेर जाति/जातको एकत्र आवादी (जाति/जातको बाहुल्य रहेको सन्निकट गाविस/नपाको समूह)को स्थितिलाई पनि हेर्ने प्रयत्न भएको छ । जिल्ला, गाविस/नपा र एकत्र आवादीको क्षेत्र भनेर स-साना इकाईमा गरिएको सूक्ष्म विश्लेषणको विधिबाट नेपाल अल्पसङ्ख्यकहरूको मुलुक हो भन्ने निष्कर्ष निकालिएको छ । यसका लागि पुस्तकभित्रको ४३ मध्ये ३६ ओटा नक्शाको प्रयोग गरिएको छ । यो पुस्तकलाई अल्पसङ्ख्यकहरूको मुलुकको रूपमा नेपाललाई प्रस्तुत गर्ने ध्येयबाट लेखिएको हुन सक्छ भनेर आरोप पनि लाग्न सक्छ । तर जाति/जातको भौगोलिक वितरणको सही आँकलन गरिएको तथ्यलाई ओझेलमा पारेर आरोपित गर्न नमिल्ने हो कि ?

२०५८ को जनगणनामा नेपालमा ९२ ओटा मातृभाषाहरू बोलिने उल्लेख छ । यसमध्ये १२ ओटा भाषा एक प्रतिशतभन्दा बढी मानिसले बोल्छन् । देशका ५५ जिल्लामा नेपाली सबैभन्दा धेरैले बोल्ने र ४९ जिल्लामा बहुमतले बोल्ने भाषा हो । गाविस/नपाको स्थिति हेर्दा ५१ प्रतिशतमा सबैभन्दा ठूलो समूह र ४६ प्रतिशतमा बहुमतले बोल्ने भाषाको स्थानमा नेपाली भाषा रहेको छ । तर भाषिक प्रभुत्वको प्रकृति पनि जाति/जातको प्रभुत्वको प्रकृति मिल्दोजुल्दो देखिन्छ । यद्यपि, नेपालमा भाषा सबैभन्दा बढी राजनीतिकरणको प्रभावमा परेको छ । यसको लोकप्रिय उदाहरण, मगरहरूको ७ ओटा जिल्लामा बाहुल्य भए पनि मगर मातृभाषीहरूको बाहुल्य कुनै पनि जिल्लामा छैन । विगत आधा शताब्दी (१९५२/५४ देखि २००१ सम्मको अवधि)मा नेपाली भाषीको प्रतिशतमा कमी आइरहेको छ भने बाँकी भाषाहरू मूल/परम्परागत थलोबाट बिस्तार हुने क्रममा देखिन्छ । बिस्तारको यो प्रक्रियाले समाजमा भाषिक समूहहरूको मिश्रित प्रवृत्तिलाई सङ्केत गर्दछ ।

बसाइँसराइको ऐतिहासिक प्रवाह पश्चिमबाट पूर्वतर्फ थियो भने औलो मासिएपछि यसको प्रवाह उत्तर (पहाड)बाट दक्षिण (तराई/मधेस)तिर अत्याधिक रह्यो । आन्तरिक बसाइँसराइको यो एकोहोरो प्रवृत्तिजस्तै अन्तर्राष्ट्रिय बसाइँसराइ पनि एउटै प्रवृत्तिको देखिन्छ । २०५८ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्यामा करिब २.७ प्रतिशत विदेशमा जन्मेर नेपालमा बसोबास गर्नेहरूको सङ्ख्या छ । यसको ८० प्रतिशत जनसङ्ख्या तराई/मधेसका १८ ओटा जिल्ला (दाङ र चितवनबाहेक)हरूमा छन् भने कुल सङ्ख्याको ९५ प्रतिशत भारतीय मूलका बासिन्दाहरू छन् । सीमावर्ती भारतीय क्षेत्रबाट नेपाल प्रवेश गर्नेहरूको सङ्ख्या व्यापक छ भनेर सोझै लेखकले उल्लेख गरेका छैनन् । तैपनि फ्रेडरिक गेजले नेपालको तराईलाई 'रिक्त स्थान' भनेको सन्दर्भ उद्धृत

गर्दै भारतीय र नेपाली सीमावर्ती जिल्लाहरूको जनघनत्वबीचको फरकलाई उठाएर यसरी आरोपित गर्न खोजिएको छ । मधेस आन्दोलन र त्योसँग जोडिएको क्षेत्रीय राजनीतिको 'हार्टल्याण्ड' भनिने मध्य मधेसको सीमावर्ती भारतीय जिल्लाहरूको सघन जनघनत्वले पनि लेखकको घुमाउरो तर्कलाई थप बलियो बनाएको छ ।

नेपालको सानो भू-भागभित्रको विविधता पनि गजबको छ । सयभन्दा बढी जाति/जात र नब्बेभन्दा बढी भाषाहरू छन् । नेपालको लागि यस्तो विविधता सम्पत्ति या विपत्ति ? एउटा परिस्थितिमा पुगेपछि निक्र्यौल गर्नै पर्ने दुविधा हो यो । तराई/मधेसका अधिकांश जिल्लाहरूमा उच्च जातिगत विविधता छ भने भाषिक विविधताचाहिँ कम छ । तर यसको ठीक उल्टो पहाड र हिमालका जिल्लाहरूमा जातिगत विविधता कम र भाषिक विविधता बढी छ । नेपालमा सङ्घीयताका लागि प्रस्तावित तीन आधारस्तम्भहरू जाति, भाषा र क्षेत्र (भूगोल)मध्येका दुई ओटा जाति र भाषाको गफचाहिँ यस पुस्तकको तर्कका आधारमा कमजोरझैँ लाग्छ । जहाँ भाषिक समानताको स्थिति छ, त्यहाँ जातिगत विविधता उच्च हुने र जहाँ जातिगत समानता बढी छ, त्यहाँ भाषिक विविधता भएको नेपाली सामाजिक संरचना छ भन्ने विश्लेषण पुस्तकमा छ । यसैले होला, लेखक जातीय पहिचान जातीयताको एउटा पाटो मात्रै हो भन्ने निष्कर्षमा पुगेका छन् ।

लेखकले मार्टिन चौतारीको एउटा अनौपचारिक कार्यक्रमको क्रममा आफू पूर्णतः सङ्घीयताको पक्षमा नयाँ प्रवेशी भएको कुरा गरेका थिए । उनी सङ्घीयतालाई साध्य होइन, साधनका रूपमा बुझ्दा रहेछन् । साध्य त विभेदरहित सबै नागरिकको सशक्तीकरण, असल जीविका तथा जीवनको गुणात्मक सुधार र समुन्नत नेपाल हो । जातीय र भाषिक विश्लेषणको माध्यमबाट सङ्घीय इकाईहरू हुनुपर्ने आवाज ज्वलन्त रूपमा उठिरहेको भए पनि यो पुस्तकले नेपालका अधिकांश सङ्घीय इकाईहरू बहुजातीय र बहुभाषिकबाहेक अरू हुन नसक्ने ठोकुवा गरेको छ । यसले जातीयताका आधारमा सङ्घीयताको प्रश्न हल गर्न खोज्ने जनजाति अभियानकर्ता एवं मधेसी राजनीतिबाट भाग्य चम्काउन खोज्नेहरू सबैलाई एक कदम पछि सरेर सोच्न सुझाएको छ । जातीय र भाषिक वितरणको आधार मात्रै सङ्घीयताको निरपेक्ष आधार हुन सक्दैन । जाति र भाषाको समाजशास्त्रीय पक्ष मात्र होइन भूगोल पनि हुन्छ, जसको उपादेयता सङ्घीयताको सन्दर्भमा बढी प्रभावकारी हुन सक्छ ।

अन्तमा, पुस्तकले अघि सारेको राज्यले गरेको विभेदबाट सबैभन्दा बढी मारमा परेको समुदाय पहाडे दलित हो भन्ने तर्क (पृ. ८२) सही मान्न सकिँदैन । तालिका २ मा धानुकलाई अन्य जातअर्न्तगत राखिएको छ, तर २०५८/१०/२५ मा सदर गरिएको जनजाति प्रतिष्ठानको ऐनले नै धानुक आदिवासी जनजातिमा अनुसूचीत छ । तर यस्ता साना मसिना कमजोरीहरू गम्भीर विषयमा छलफल चलाउँदा अझ साना लाग्ने

रहेछन् । नेपालमा जातीय र भाषिक विविधताको केही ऐतिहासिक पक्ष र अझ बढी वर्तमान बुझ्न यो पुस्तक सबैले पढ्न जरुरी छ ।

पुस्तकमा ४३ ओटा नक्शा र अनुसूचीअन्तर्गत २२ पृष्ठहरूमा तालिका छन् । बाहिरबाट हेर्दा यसले पुस्तकलाई पट्टचारलाग्दो बनाएजस्तो देखिए पनि सशक्त भाषाको प्रयोगले त्यो आशंका मेटिदिएको छ । यो सह्रानीय छ । शीर्षकमा नौलोपन छ अर्थात् यो सबैलाई आफ्नो लाग्न सक्छ । जातीय र भाषिक विविधताको भौगोलिक पक्षको आधारभूत मान्यताहरूमाथि यो केन्द्रित छ । नेपालको वस्तुस्थितिको विश्लेषणपश्चात् जातीय रूपमा नेपालको सङ्घीय इकाईहरू निर्माण हुन नसक्ने भन्ने निष्कर्ष (सबै सङ्घीय इकाईहरू बहुजातीय र बहुभाषिक हुने)मा लेखक पुगेका छन् । तर जनजाति र मधेसी राजनीतिको आधार जाति र भाषा नै हो । यो प्राज्ञिक विश्लेषण र पहिचानको राजनीतिबीचको टकराव भोलिको राजनीतिमा देखिने सम्भावित ‘रमिता’ हो । परिणाम, साँघुरो घेराको राजनीति स्थापित हुने हो या सङ्ख्याको चक्रवातमा हराउने हो थाहा छैन ।

**रमेश रूछेन राई**
मार्टिन चौतारी